नेपाल सरकार
अर्थ मन्त्रालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः २०८३/२/२९**

**(अभियोग पत्र दायर गरिएको।)**

यस विभागमा विभिन्न मितिमा दर्ता भएका उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादीहरु दिपक भट्ट, सुलभ अग्रवाल, साहिल अग्रवाल, शुभी अग्रवाल, ऋषिराज मोर, राजकुमार मोर, सन्दीप चाचन अग्रवाल, शेखर गोल्छा, उपासना पौडेल समेतका प्रतिवादीहरुले हिमालयन रिइन्सुरेन्स, नेपाल माइक्रो इन्सुरेन्स, हिमालयन लार्ज क्याप फण्ड लगायतका बीमकहरु समेतको कोषको रकम हिनामिना एवं दुरुपयोग गरी ब्रोकर नं. ५५ मा जम्मा गरी गराई त्यस्तो रकमबाट नेपाल रिइन्सुरेन्स समेतको शेयर केन्द्रीकरण गरी आफ्नो समूहमा ल्याएको, त्यस्तो रकम प्रयोग गरी प्रतिवादी दिपक भट्ट समेतका व्यक्तिगत नाउँमा शेयर खरिद गरी बीमा ऐन अन्तर्गतको कसुर साथै धितोपत्रको मूल्य आफु अनुकूल उतारचढाव एवं प्रभावित गरी आफुलाई लाभ पुऱ्याएको साथै विभिन्न बीमकहरुलाई हानी नोक्सानी समेत गरेको लगायतका बीमा सम्बन्धी कसूर, धितोपत्र सम्बन्धी कसूर, बैङ्किङ कसूर र विदेशी विनिमय सम्बन्धी सम्बद्ध कसूर गरी प्रतिवादीहरुले प्राप्त गरेको सम्पत्तिको गैरकानुननी स्रोतको रुपान्तरण गर्ने, छल्ने, लुकाउने, स्रोत एवं स्वरुप परिवर्तन गर्ने गराउने समेत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य पुष्टि हुन आएकाले निम्न प्रतिवादीहरुलाई ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम बीगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनका साथै प्रतिवादीहरुले कसूरबाट प्राप्त गरेको विभिन्न सम्पत्ति जफत हुनका साथै प्रतिवादीहरु मदन दहाल, शंकरलाल अग्रवाल र शरद ओझालाई मतियारको रुपमा आधा सजाय हुन र अन्य विभिन्न ५ कानुनी व्यक्तिलाई समेत प्रतिवादी कायम गरी मिति २०८३/२/२९ गते श्री विशेष सरकारी वकील कार्यालय काठमाडौंले सम्मानित विशेष अदालत काठमाडौंमा सम्पत्ति शुद्धीकरणको कसूरको अभियोग पत्र दायर गरेको छ।

निम्न

| सि.नं. | प्रतिवादी | बीगो (रु) |
|---|---|---|
| १ | दिपक भट्ट | २६,६३,२७,७१,०५९।०० |
| २ | सुलभ अग्रवाल | २५,५९,२०,०६,१२४।०० |
| ३ | सुभी अग्रवाल | ३,९६,७८,२२,१३३।०० |
| ४ | कृषिभ अग्रवाल | ३२,८३,८०,२०२।०० |
| ५ | ऋषिराज मोर | ३,७८,८२,७५,६२२।०० |
| ६ | अमित मोर | १२०६२५०००।०० |
| ७ | राजकुमार मोर | २७६९०००००।०० |
| ८ | सन्दीप चाचन अग्रवाल | १४५८७८७५३५०।०० |

| | | |
|---|---|---|
| ९ | साहिल अग्रवाल | ६०४३४०२२५७।०० |
| १० | शेखर गोल्छा लगायत हिमालयन रीका सञ्चालक समितिका पदाधिकारी | २७३३३१५१६०।०० |
| ११ | शेखर गोल्छा | ५२५००००००।०० |
| १२ | रोहित गुप्ता | ५२५००००००।०० |
| १३ | हिमालयन रीका कार्यकारी निर्देशक उपासना पौडेल समेत ४ जना | ६०४३४०२२५७।०० |
| १४ | राजबहादुर शाह | १४१८०७२९०१।०० |
| १५ | रितेश प्रधान | ३७००००००००।०० |
| १६ | सुमेर शमशेर जबरा | १२७४१८६८६७।०० |
| १७ | सुभाष बहादुर श्रेष्ठ | ४५९४३३३४४।०० |
| १८ | नेपाल माइक्रो इन्सुरेन्सका संचालक आशिष श्रेष्ठ समेत ३ जना | ५९७५६९१३४।०० |
| १९ | मनोज कुमार लाल कर्ण | ७२२४६८५९७४।०० |
| २० | सुरेन्द्र थापा | ४९०००३२०।०० |
| २१ | रामकुमार यादव | ४२०९११६०।०० |
| २२ | प्रताप मान श्रेष्ठ | २३७३८३७८०।०० |
| २३ | नरेश कुमार रोका | ११९००९८१८।०० |
| २४ | चिरायु भण्डारी | ४०४९९४६८३।०० |
| २५ | शंकरलाल अग्रवाल | २१०७४४४०३।०० |
| २६ | मदन दहाल र शरद ओझा | ३५०३०६३१९२।०० |
| | जम्मा | १,०७,०७,५०,१०,७४०।०० |

नेपाल सरकार
अर्थ मन्त्रालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

CamScanner